(Your Rights in Traffic Court – Nepali translation)

# ट्राफिक कोर्टमा तपाईका अधिकार

तपाईलाई स्टेट अफ इल्लिनोइको ट्राफिक नियम सम्बन्धि आरोप लागेको छ | तपाईलाई आफ्नो अधिकार बुझ्न जरूरी छ | न्यायाधिशले तपाइसंग आफै कुरा गर्नेछन | तपाईलाई आरोप सम्बन्धि अथवा सम्भावित सजाय सम्बन्धि अथवा आफ्नो कानूनी अधिकार सम्बन्धि कुनै प्रश्न भएमा सोध्न सक्नुहुनेछ | ट्राफिक कोर्टका कार्यविधि सबन्धि जान्न र बुझ्न र कोर्टमा बित्ने समय कम गर्न यो कागजात पढ्नु होला |

## सहि समयमा सहि ठाउँमा हुनुहोला

आफ्नो ट्राफिक टिकटको तल हेर्नुहोला | त्यहाँ एउटा ठुलो रेक्ट्याङ्गुलर बक्स छ जसमा दुई साना बक्स छन् | यसमा तपाई कोर्ट मा उपस्थित हुनुपर्छ अथवा पर्दैन लेखिएको हुन्छ | यदि "no court appearance required" लेखिएको बक्समा चिन्ह लगाएको छ भने, अदालत कक्ष नजानु होला | यदि सर्किट क्लर्कको ट्राफिक क्लर्कसंग (झ्यालबाट) कुरा गरेर अदालत कक्षमा उपस्थित हुन्छु भनि कुरा गर्नुभएको छ भने उपस्थित हुन जरूरी हुनेछ | यदि तपाईलाई कोर्ट मा उपस्थित हुनु भनेको छैन र तपाइले क्लर्क संग कुरा गर्नु भएको छैन भने तपाइको नाम बोलयिनेछैन |

## कोर्ट मा के हुन्छ?

न्यायाधिशले तपाइको नाम र मुद्दा नम्बर बलाउनुहुन्छ | तपाइको मुद्दा नम्बर बोलाएपछि कृपया न्यायाधिशको अगाडी उपस्थित हुनुहोला | सर्वप्रथम न्यायाधिशले तपाइलाई के आरोप लागेको छ र के सजाय हुन सक्छ यदि तपाई दोषी ठहर भएमा बुझाउनुहुन्छ | तपाइले के आरोप हो र के सजाय हुन सक्छ बुझ्न एकदम जरूरी छ | यी सम्बन्धि केहि प्रश्न भएमा यो बेला सोध्नु पर्नेछ |

## तपाइको वकिल लिन पाउने अधिकार

तपाइको आरोप र हुनसक्ने सजाय सुनाएपछि न्यायाधिशले तपाइलाई वकिल राख्ने इच्छा छ भनेर सोध्नुहुनेछ | यदि तपाइको सम्भावित सजाय मा जेल पर्ने सम्भावना छ भने तपाइलाई वकिल राखने अधिकार निरपेक्ष हुनेछ | यदि तपाइसंग वकिल राखने पैसा छैन भने न्यायाधिस ले तपाइलाई वकिल तोकिदिनुहुन्छ | यो अवस्थामा तपाइले आर्थिक शपथ पत्र भर्नुपर्छ जसअनुसार न्यायाधिशले तपाइलाई वकिल राखन मिल्ने नमिल्ने निर्धारण गर्नुहुनेछ |

यदि तपाइलाई वकिल प्रदान गरिएको अवस्थामा तपाईलाई श्यम्पेन काउन्टीले केहि शुल्क लिन सक्नेछ | यो शुल्क तिर्न नसकेको खण्डमा अदालतको अवहेलना गरेको आरोपमा तपाईलाई जेल चलान गर्न सक्नेछ | तपाइलाई यो बारे केहि प्रश्न छ भने सोध्नुहोला | यदि तपाईलाई आफ्नो वकिल खोज्न समय चाहिन्छ भने तपाईलाई केहि समय दियिनेछ |

यदि तपाइको सजायमा जेल चलान गरिनेछैन र जरिवाना मात्र लाग्ने छ भने तपाइलाई न्यायाधिशले वकिल प्रदान गर्ने छैनन् | यद्दपि तपाईलाई वकिल राखने अधिकार हुनेछ तर तपाई आफैले वकिल ल्याउनु पर्ने छ | यदि तपाई आफै मुद्दा लड्न चाहन्हुन्छ भने त्यो पनि अधिकार छ |

यदि तपाइलाई मुद्दा अगाडी बढ्नु अघि वकिल संग सल्लाह गर्नुपर्नेछ भने न्यायाधिश लाई अवस्य भन्नुहोला र तपाइलाई कम्तिमा १ हप्ता दियिनेछ |

## दोष स्वीकार या अस्विकार

यदि तपाई वकिल राखन चाहनुहुन्न र आफै मुद्दा लड्न चाहनुहुन्छ भने तपाइलाई न्यायाधिशले तपाई दोष स्वीकार गर्नुहुन्छ या अस्विकार गर्नुहुन्छ भनि सोध्नेछन |  स्वीकार गर्नुभयो भने तपाई आफ्नो ट्रायलको  अधिकार गुमाउनुहुनेछ | त्यसैले आफ्नो ट्रायल प्रतिको अधिकार बारे बुझ्न एकदम महत्वपुर्ण छ |

## जुरी ट्रायलको अधिकार

तपाई गल्ति अस्विकार गर्नहुन्छ भने तपाइलाई जुरी ट्रायलको अधिकार छ | जुरी ट्रायलमा श्यम्पैन काउन्टीका वैध लाइसेन्स वाला र मतदाता दर्ता भएका १२ जना सदस्यहरु छानिएका हुन्छन | छानिएका जुरीले  तपाइको सबूतका आधारमा तपाइको गल्ति हो या होइन निर्णय गर्ने छन | १२ जना सदस्य नै तपाइको गल्ति हो भनि बिस्वस्त नभएसम्म तपाइलाई दोषी साबित गर्न सकिदैन | जुरी ट्रायलको लागि न्यायाधिशले डकेट कल निर्धारण गर्नेछन | तपाइको वकिल छैन भने तपाई डकेट कल मा उपस्थित हुनु पर्ने छ | डकेट कल मा न्यायाधिशले तपाइको ट्रायलको मिति निर्धारण गर्नेछन |

यदि तपाई जुरी ट्रायल चाहनुहुन्न भने र तपाइँ संग वकिल छैन भने तपाई आफ्नो वकिल आफै हुनुहुनेछ | जुरी छान्ने, जुरी लाई सूचना दिने , कानून बारे जानकार गराउने , र सबूतका नियम हरु पालना गर्ने कर्तब्य सबै तपाइको हुने छ |

## बेञ्च ट्रायलको अधिकार

जुरी ट्रायल नगरेर न्यायाधिश सामु एकल ट्रायल गर्नुलाई बेञ्च ट्रायल भनिन्छ | यदि बेञ्च ट्रायल गर्नुभएमा क्लर्क कार्यालयले तपाइको ट्रायल को मिति तोकेर तपाइलाई चिट्ठी मार्फत मिति बारे सूचना पठाउछ | यदि तपाइको मुद्दामा जेल चलान को सम्भावना छैन र टिकेटमा कोर्ट जानु पर्ने लेखिएको छैन भने तपाई बेञ्च ट्रायल अनुरोध गर्न सक्नुहुनेछ |

तपाइको ठेगाना बदलिएको अवस्थामा तपाइले सर्किट क्लर्क कार्यालयलाई यो बारे लिखित रुपमा हालको ठेगाना मुद्दा नम्बर सहित सूचित गराउनु पर्नेछ | यसले गर्दा तपाइले कोर्टको चिठीहरु छुटाउनु हुनेछैन |

## ट्रायलको अधिकार

जस्तोसुकै ट्रायल छान्नु भएपनि तपाई संग तल उल्लेखित अधिकार छन्:

तपाइको दोष हो भनेर साबित गर्ने कर्तब्य मुद्दा हाल्ने व्यक्ति को हो | तपाइले आफ्नो निर्दोश्ता साबित गर्नु पर्ने छैन|

तपाइलाई तपाइको बिरुद्ध गवाही दिने व्यक्तिहरुलाई हेर्ने, सुन्ने, प्रतिप्रश्न गर्ने, उचित प्रश्न सोध्ने अधिकार छ |

तपाई आफ्नो गवाही दिने व्यक्ति ल्याउन सक्नुहुन्छा र आफ्नो सबूत प्रस्तूत गर्न सक्नुहुनेछ |

तपाई आफ्नो गवाही आफै बन्न सक्नुहुनेछ | तर तपाइलाई केहि उत्तर दिनु छैन भने तपाइलाई कसैले बाध्य पार्न सक्दैनन् र न्यायाधिस र जुरी दुबैले तपाई नबोलेको भरमा तपाइलाई दोषी ठहर गर्न सक्नेछैनन |

## दोषी दलिल प्रतिको अधिकार

जरिवाना मात्र हुने सजायमा यदि तपाई दोष स्वीकार गर्न चाहनुहुन्छ भने तपाई त्यसो गर्न सक्नुहुन्छ | तपाइको तुरुन्तै सुनुवाई चल्छ र जरिवाना निर्धारण गरिन्छ | तपाइले अदालत को शुल्क पनि तिर्नुपर्नेछ | न्यायाधिश ले तपाइलाई मुद्दा र तपाइको ड्राइभिङ्ग रेकर्ड सम्बन्धि प्रश्न सोध्न सक्छन | स्टेट ले तपाइको जरिवाना निर्धारण गर्न सक्छ |

उचित भएमा तपाई न्यायाधिशलाई अदालत को पर्यवेक्षण अनुरोध गर्न सक्नुहुनेछ | यदि तपाइलाई अदालतको पर्यवेक्षणमा राखियो र तपाइले आफ्नो कार्य सक्नुभयो भने त्यो टिकेट तपाइको ड्राइभिङ्ग रेकर्डमा जादैन | अदालत पर्यवेक्षणमा तपाइलाई जरिवाना र शुल्क तिर्न समय दियिनेछ | यदि यो रकम नतिरेको खण्डमा तपाई पर्यवेक्षण गुमौनासक्नुहुन्छा र आदेश उल्लङ्घन तपाइको ड्राइभिङ्ग रेकर्डमा जानेछ |

यदि तपाइको टिकेटमा अदालत जानु नपर्ने लेखिएको छ भने र तपाइको स्पीड २० माइल्स प्रति घण्टा भन्दा कम छ भने सबैभन्दा सजिलो अदालत कर्यबेक्षण ट्राफिक सेफ्टी प्रोग्राम हो | तपाई यो प्रोग्रामको लागि योग्य हुनुहुन्छ कि हुदैन भनेर थाहा पाउन एउटा फारम सर्किट क्लर्क कार्यालयमा भर्न सक्न्हुन्छ |

## अपिल गर्ने अधिकार

दोष स्वीकार गरेको ३० दिन भित्र तपाई आफ्नो बयान फिर्ता लिन सक्नुहुन्छ | यो अपिल तपाइले लिखित रुपमा सबै कारण खुलाएर पेश गर्नु पर्नेछ | कुनै कारम यो निबेदनमा उल्लेख छैन भने त्यो कारण पछि प्रयोग गर्न पाइनेछैन | यदि तपाइको अपिल स्वीकार भयो भने कुनै खारेज भएका टिकेट छन् भने ती टिकेट पुनः लागू हुनेछन | यदि तपाइले ३० दिन भित्र अपिल गर्नु भएन भने तपाई यो अधिकार गुमाउनु हुनेछ |

## अधिकारको त्याग र दोष स्वीकार

यदि तपाई दोष स्वीकार गर्नुहुन्छा भने, तलको फारम भर्न्होस:

मैले मेरो अपिलको अधिकार बाहेक अरु अधिकारहरु जसमा वकिलको अधिकार, जुरीको अधिकार, बेञ्च ट्रायलको अधिकार पर्छन, ती सबै त्याग गर्छु | म मेरो आफ्नो इच्छा अनुसार कसैको करकाप, धम्कि अथवा दबाब बिना मेरो गल्ति स्वीकार गर्छु |

अभियोग :________________________________________________________________

जरिवाना: $_________________________________________ र अदालतको शुल्क

(न्यायाधिशले रकम भर्नुहुन्छ)

_______________________________________

प्रतिवादीको हस्ताक्षर

_____________________________________

मिति

Translated by: Neelam Dhungel